# चन्द्रनगर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १) चन्द्रनगर, पुस २९ गते, २०७४ साल ( संख्या : १

## भाग–१

## चन्द्रनगर गाउँपालिका

चन्द्रनगर गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चन्द्रनगर गाउँपालिकाको गाउँसभाले तल लेखियवमोजिम ऐन स्वीकृत गरि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत २०७४ साल ऐन नं.–१**

## चन्द्रनगर गाउँपालिका

### आर्थिक ऐन, २०७४

प्रस्तावना:चन्द्रनगर गाउँपालिकाको आर्थिक वर्ष२०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा(२)बमोजिम चन्द्रनगर गाउँसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम 'आर्थिक ऐन, २०७४' रहेको छ ।

(२) यो ऐन स्वीकृत भएको मिति २०७५ वैशाख १ गते देखि चन्द्रनगर गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२.सम्पति कर:चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकीकृत सम्पत्ति कररघरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३.भूमि कर (मालपोत)स्चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४.वहाल कर:चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम वहाल कर लगाइने र असूल गरिनेछ ।

५.व्यवसाय कर:चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६.जडिबुटी, कवाडी र जीवजन्तु कर:चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन्न,जडिबुटी, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७.सवारी साधन कर:चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८.विज्ञापन कर:चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९.मनोरन्जन कर:चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृतभई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.बहाल बिटौरी शुल्क:चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११.पार्किङ शुल्क:चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र [illegible] गरिनेछ।

१२.सेवा शुल्क, दस्तुर:चन्द्रनगर गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि १ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३.पर्यटनशुल्क:चन्द्रनगर गाउँपालिकाले आफ्नो गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४.कर छुट:यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि: यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि चन्द्रनगर गाउँपालिकाले तोके अनुसार हुने छ ।

**अनुसुची-१**

**(दफा (२) सँग सम्बन्धित)**

**एकीकृत सम्पत्ति कर**

स्थानीय सरकार सन्चालन ऐन, २०७४ को दफा ५५ को प्राबधान बमोजिम २०७५ साल श्रावण १ गतेदेखि एकीकृत सम्पत्ती कर लागु गर्न आवश्यक तयारी गर्ने .

घर जग्गा कर एकीकृत सम्पत्तीकर लागु नभएसम्म गाउँ कार्यपालिकाबाट निर्धारण भए बमोजिम घरजग्गा कर लागु हुनेछ ।

**अनुसूचि -२**

**(दफा (३) साग सम्बन्धित)**

**भूमि कर (मालपोत) को**

| सि.नं. | वडा नं. | चालु आ.ब. २०७४/०७५ को दररेट प्रतिकठ्ठा |
|---|---|---|
| १ | १,२ | रु.१५।- |
| २ | ३, ४, | रु.१५।- |
| ३ | ५, ६ | रु.१५।- |
| ४ | ७ | रु.१५।- |

नोट: एकिकृत सम्पत्तीकर लागू भएपछि मालपोत नलाग्ने ।

अनुसूचि ३

(दफा (४) सँग सम्बन्धित)

(क) बहाल करको दर

१.चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा, पोखरी वा अन्य सम्पत्ति पुरै वा आशिंक तवरले बहाल दिएकोमा बहाल अंकको १० प्रतिशत

२.संगठित सँघसँस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्य निकायले बहाल लिए वापत बहाल रकम भुक्तानी गर्दा स्रोतमै अग्रीम बहाल कर कट्टी गरी गाउँपालिकामा दाखिला गर्नु पर्नेछ ।

(ख) बहाल कर निर्धारण प्रक्रिया

१बहालमा दिएको मितिलाई आधार मानी दैनिक, मासिक, त्रैमासिक, अर्धबार्षिक वा बार्षिक अवधिलाई आधार लिई बहाल कर बुझाउनु पर्नेछ ।

२.क्षेत्रगत आधारमा गाउँ कार्यपालिकाले न्यूनतम बहाल दर तोक्न सक्नेछ ।

३.गाउँ कार्यपालिकाले निर्धारण गरेको कार्यविधि अनुसार करदाताले स्वंय घोषणा गरेको वा सम्झौतापत्रमा उल्लेख भएको आधारमा बहाल कर निर्धारण गरिनेछ ।

## अनुसूचि ४
## (दफा (५) सँग सम्बन्धित)
## व्यवसाय करको दर

| सि.नं. | व्यवसायको किसिम | बार्षिक रु. |
|---|---|---|
| १ | सुन, चांदीपसल | २,०००।- |
| २ | चुरोट, विडी वा सुर्तिको थोक विक्रेता | १,०००।- |
| ३ | मदिरा एवं कोल्ड ड्रिंक्स विक्रेता | २,०००।- |
| ४ | श्रृगांर पसल तथा ब्युटी पार्लर | १,०००।- |
| ५ | फलफूल, तरकारी स्थायी पसल | ५००।- |
| ६ | जुता चप्पल पसल | १,०००।- |
| ७ | स्टेसनरी तथा पुस्तक पसल | १,०००।- |
| ८ | चस्मा पसल | १,०००।- |
| ९ | टायर, टयुव मर्मत | ७००।- |
| १० | व्याट्री मर्मत तथा चार्ज गर्ने | ७००।- |
| ११ | पेन्टर, रबर स्टाम्प | ७००।- |
| १२ | नर्सरी | ७००।- |
| १३ | माछा, मासु, अण्डा पसल स्थायी | १,०००।- |
| १४ | भाडा वा ग्यास पसल | १,५००।- |
| १५ | फर्निचर पसल | १,०००।- |
| १६ | केवुल, नेटवर्किङ्ग | १,०००।- |
| १७ | उद्योग तथा कम्पनीको एजेन्सी | २,०००।- |
| १८ | औषधी पसल | १,५००।- |
| १९ | मल खाद, विउ विजन | १,५००।- |
| २० | जादु, सर्कस, थिएटर, संगित तथा मनोरंजनहल प्रति दिन | ३००।- |
| २१ | वैण्डवाजा | ७००।- |
| २२ | टेन्ट हाउस डेकोरेशन | १,०००।- |
| २३ | हार्डवेयर पसल | २,०००।- |
| २४ | कम्प्यूटर पसल | २,०००।- |
| २५ | इलेक्ट्रोनिक,ईलेक्ट्रिक सामान विक्रेता | १,५००।- |
| २६ | इलेक्ट्रोनिक,ईलेक्ट्रिक मर्मत | ७००।- |

| | | |
|---|---|---|
| २७ | पेट्रोलियम पदार्थ विक्रेता | ५,०००।- |
| २८ | किराना पसल | १,०००।- |
| २९ | कपडा पसल | १,०००।- |
| ३० | रिक्सा, साइकल बिक्रेता | १,०००।- |
| ३१ | रिक्सा साइकल मर्मत | ५००।- |
| ३२ | हेभि इक्वीपमेन्ट बस, ट्रक, कार, ट्र्याक्टर मर्मत | २,५००।- |
| ३३ | मोटरसाइकल,टेम्पो आदि मर्मत | १,०००।- |
| ३४ | पम्पिङ्ग सेट, मोटर, पंखा आदि मर्मत | ७००।- |
| ३५ | आधारभूत स्तरका निजी विद्यालय | १०००।- |
| ३६ | नि.मा.वि. स्तरका निजी विद्यालय | १५००।- |
| ३७ | मा.वि. स्तरका निजी विद्यालय | २,५००।- |
| ३८ | उच्च मा.वि. र क्याम्पस निजी स्तरका | ३,०००।- |
| ३९ | निजी/गैर सरकारी प्राविधिक शिक्षा तथा तालिम | २,०००।- |
| ४० | निजी नर्सिङ्ग होम तथा अस्पताल | ५,०००।- |
| ४१ | क्लीनिक तथा ल्याव ईत्यादि | १,०००।- |
| ४२ | इन्जीनियरिंग सेवा | २,०००।- |
| ४३ | कानूनी व्यवसाय | २,०००।- |
| ४४ | लेखापरीषक | १,५००।- |
| ४५ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १,५००।- |
| ४६ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १,५००।- |
| ४७ | विमा ऐजेन्ट | १,५००।- |
| ४८ | सर्भेयर | १,५००।- |
| ४९ | अनुवादक | १,५००।- |
| ५० | सामान ढुवानीकर्ता तथा कम्पनी | १,५००।- |
| ५१ | निर्माण व्यवसाय | |
| | "क" श्रेणी | ५,०००।- |
| | "ख" श्रेणी | ४,०००।- |
| | "ग" श्रेणी | ३,०००।- |
| | "घ" श्रेणी | १,५००।- |
| ५२ | चामल तथा तेल उत्पादन गर्ने उद्योग | २,०००।- |
| ५३ | स-मिल काष्ट उद्योग | ३,०००।- |
| ५४ | अपसेट प्रेस | १,०००।- |
| ५५ | डिजीटल फोटो कलर ल्याव | १,०००।- |
| ५६ | फोटो स्टुडियो | ८००।- |
| ५७ | कुटानी, पिसानी मिल | ५००।- |
| ५८ | ईटा उद्योग | १५,०००।- |
| ५९ | ग्रिल, सटर उद्योग | १,५००।- |
| ६० | हेयर कटिङ्ग गर्ने | ५००।- |
| ६१ | पाउरोटी उद्योग | १,०००।- |
| ६२ | टेलरिङ्ग सेवा | ८००।- |
| ६३ | मैनवती उद्योग | ८००।- |

| | | |
|---|---|---|
| ६४ | सावुन, सर्फ उद्योग | २,०००।- |
| ६५ | पानी उद्योग | १,५००।- |
| ६६ | सुति जन्य उद्योग | २,०००।- |
| ६७ | होटल | १,०००।- |
| ६८ | भेडा बाख्रा फार्म | १,५००।- |
| ६९ | गाई भैंसी फार्म | २,०००।- |
| **७०** | **संचार सेवा :-** | |
| | संचार कम्पनीकोप्रति टावर | २,०००।- |
| | एफ.एम. रेडियो स्टेशन | १,०००।- |
| | टेलिफोन, फ्याक्स, इन्टरनेट, कुरिअर आदि | ८००।- |
| **७१** | **वित्तीय सेवा :-** | |
| | नेपाल सरकारको स्वामित्व नरहेका बैंक | ५,०००।- |
| | आर्थिक कारोवार गर्ने वित्तीय कम्पनी, मनि ट्रान्सफर | २,०००।- |
| | विदेशी मुद्रा सटही | १,०००।- |
| ***माथिको वर्गीकरणको समावेश नभएका व्यवसायको कारोवार र स्तर हेरी वार्षिक रु. ५००।- देखि ५,०००।- सम्म*** | | |

अनुसूचि ५

(दफा (६) सँग सम्बन्धित)

जडिबुटी कबारी र जीवजन्तु करको दर

उन, जडिबुटी, कबाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार गरे वापत निम्न बमोजिमको कर लाग्नेछ :-

क)कागजजन्य सामानका लागि प्रति किलोग्राम रु. एक

ख)फलामजन्य सामानका लागि प्रति किलोग्राम रु. दुई

ग)स्टीलजन्य सामानका लागि प्रति किलोग्राम रु. दुई

घ)अन्यका हकमा प्रति किलोग्राम रु. दुई

अनुसूचि ६

(दफा (७) सँग सम्बन्धित)

सवारी साधन करको दर

चन्द्रनगर गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा चन्द्रनगर गाउँपालिका क्षेत्रभित्र

| सि.न. | सवारीको प्रकार(दर्ता तथा नविकरण) | चालु आ.व. २०७४/०७५ मा संकलित |
|---|---|---|
| १ | वस, ट्रक, लहरी | रु.५००।- |
| २ | भाडाका कार,जिप,माइक्रो वस | रु.३००।- |

| | | |
|---|---|---|
| ३ | निजि कार, टेम्पो, | रु.२००।- |
| ४ | मिनिवस/मिनिट्रक/ट्रयाकुटर | रु.५००।- |
| ५ | स्कुटर, मोटरसाईकल, आदी | रु.१००।- |
| ६ | पावरटेलर | रु.१५०।- |
| ७ | विद्युतिय रिक्सा | रु.१०००।- |
| ८ | ठेलागाडा, रिक्सा | रु.१००।- |
| ९ | एक्जाभेटर/डोजर/ट्रिपर | रु.२०००।- |

अनुसूचि ७
(दफा (८) सँग सम्बन्धित)
विज्ञापनकरको दर

| सि.न. | प्रकार | करको दर वार्षिक | कैफीयत |
|---|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि. | रु.३०।- | |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फि. | रु.५।- | |
| ३ | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | रु.१५००।- | |

अनुसूचि ७
(दफा (८) सँग सम्बन्धित)
विज्ञापनकरको दर

| सि.न. | विवरण | रकम |
|---|---|---|
| १ | केबल व्यवसाय वार्षिक | रु.५०००।- |
| २ | सर्कस देखाउनेलाई दैनिक | रु.३००।- |
| ३ | विषेश मेला/महोत्सवमा राखिने मनोरञ्जनका साधनहरुलाई अनुमति दिंदा प्रकृति हेरी प्रति आईटम दैनिकरु.२००। वा एकमुष्ट रु.५००। देखी रु.१५००। का दरले अग्रीम बुझाउनु पर्नो | |

अनुसूचि ९
(दफा (१०) सँग सम्बन्धित)
बहाल बिटौरी शुल्कको दर

| सि.नं. | विवरण | रुपैया |
|---|---|---|
| ०१ | तरकारी, फलफूल तथा अन्य सामग्री प्रति टोकरी | १० |
| ०२ | परेवा प्रति जोडा | १० |
| ०३ | कुखुरा प्रति थान | १० |
| ०४ | फुटपाथमा बसी मर्मत सम्भार गर्ने, कपाल काट्ने, सुर्ती,चक्कु, हँसीया, खुर्पि, जाँतो सिलौटो वा अन्य सामग्री बेच्नेसँग प्रति दिन | २० |
| ०५ | पटके चिया, नास्ता, मिठाई, अण्डा आदि बेच्ने | २० |
| ०६ | जडीवुटी बेच्ने तथा खेल चटक, तमासा इत्यादी | २० |
| ०७ | माछा, मासु बिक्रेता | ५० |
| ०८ | दाउरा वा यस्तै अन्य सामग्री प्रति भारी | ५ |
| *कुनै साधनमा ल्याएका सामग्रीलाई पनि माथि उल्लेख भए बमोजिमको इकाईमा दामासाहीले कर संकलन गरिने* | | |

**पशु वजार सेवा शुल्कको दर**

(क) गाई, गोरु, राँगा, घोडा र घोडीको प्रति थान विक्रेतावाट लिने रु. १००
(ख) गाई, गोरु, राँगा, घोडा, र घोडीको प्रति थान क्रेतावाट लिने रु. १००
(ग) खसी, वाखा, वोका, पाठा, पाठी प्रति थान विक्रेतावाट रु. ५०
(घ) खसी, वाखा, वोका, पाठा, पाठी प्रति थान क्रेतावाट रु. ५०

**अनुसूचि १०**
**(दफा (११) सँग सम्बन्धित)**
**पार्किङ शुल्कको दर**

गाउँपालिकाले आफुले व्यवस्था गरेको सवारी पार्किङ्ग स्थलमा एक पटकमा निम्नानुसार पटके पार्किङ्ग शुल्क लिने ।

| सि.नं. | विवरण | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १ | वस, ट्रक, मिनिवस, ट्र्याक्टर | रु.२०।- | |
| २ | हल्का सवारी साधनमा | रु.१०।- | |
| ३ | मोटर साईकल | रु.५।- | |

• तिन घण्टा भन्दा बढी समय सम्म पार्किङ्ग गरेमा प्रतिघण्टा पटके शुल्कको आधा रकमको दरले थप शुल्क लाग्नेछ ।

१.क्षेत्रगत आधारमा, सडकमा स्पष्ट रेखांकन गरी, प्रवेश र बर्हिगमन फरक फरक हुने गरी, कुनै पनि सडको कुल चौडाईको २५ प्रतिशत भन्दा बढी भाग नओगटने गरी, सकभर आधुनिक प्रयोगमा ल्याउने गरी आफै वा निजी क्षेत्रबाट सवारी पार्किंग व्यवस्थापन गर्न सक्ने ।
२.सवारी साधन पार्किंग गर्ने क्षेत्र र निषेध क्षेत्र गाउँ कार्यपालिकाले तोक्न सक्नेछ ।

## अनुसूचि ११
### (दफा (१२) सँग सम्बन्धित)
### सेवा शुल्क दस्तुर

विभिन्न प्रमाणित तथा सिफारिस दस्तुरहरु :

| सि. नं | सेवाको किसिम | दर | कैफीयत |
|---|---|---|---|
| १ | घरबाटो तथा चौहद्दी प्रमाणित | | |
| | आवाशिय क्षेत्र(राजमार्ग/पक्की सडक) | रु. १००।- | |
| | आवाशिय क्षेत्र (कच्चि सडक) | रु.१००।- | |
| | कृषी तथा अन्य क्षेत्र | | |
| | क) बाटो भएको | रु. १००।- | |
| | ख) बाटो नभएको | रु. १००।- | |
| २ | नागरिकता प्रमाणत्रको सिफारिस | रु.३०।- बंशज | |
| | | रु.५०।- अंगिकृत | |
| | | रु.७५।- प्रतिलिपी सिफारिस | |
| ३ | जग्गा नामसारी सिफारिस | रु.२००।- | |
| ४ | नाम,थर संशोधन सिफारिस | रु.५०।- | |
| ५ | घर कायम सिफारिस (पक्की घर) | रु.५००।- | |
| ६ | घर कायम सिफारिस (कच्ची घर) | रु.१००।- | |
| ७ | घर नक्सा नामसारी पक्की दूई तल्ला भन्दा बढीको लागि | रु.१०००।- | |
| ८ | पक्की घर १ तले नक्सा नामसारी | रु.५००।- | |
| ९ | कच्ची घर (ढुंगा माटोको जोडाई जस्ताको छाना) नक्सा नामसारी | रु.३००।- | |
| १० | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | रु.२००।- | |
| ११ | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क/प्रतिलिपी दस्तुर | रु.५०।- | |
| १२ | विद्युत जडानको सिफारिस दस्तुर | | |
| | क) आवासिय/कृषि प्रयोजन | रु.५०।- | |
| | ख) व्यापारिक प्रयोजनको लागि | रु.३००।- | |
| | ग) ३ फेज लाईन जडान सिफारिस | रु.५००।- | |
| १३ | निजीधारा वा टेलिफोन जडान सिफारिस दस्तुर | रु.५०।- | |
| १४ | बैदेशिक रोजगारको लागि सिफारिस | रु.१००।- | |

| | | | |
|---|---|---|---|
| १५ | परिवार ल्याएको/लगेको सिफरिस | रु.२००।- | |
| १६ | विवाह दर्ता सिफारिस (विदेशीसँग) | रु.२००।- | |
| १७ | **नाता प्रमाणीत दस्तुर** | | |
| | मृतक संग | रु.५०।- | |
| | अन्य | रु.५००।- | |
| १८ | वसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | रु.२००।- | |
| १९ | वसोवास प्रमाणित (स्वेदेशी प्रयोजन) | रु.१००।- | |
| २० | नाफामूलक सस्थां दर्ता/नविकरण सिफारिस | रु.३००।- | |
| २१ | सेवामूलक संस्था दर्ता/स्वेदेशी प्रयोजन | रु.२००।- | |
| २२ | निजी विद्यालय सञ्चालनको सिफारिस | रु.१०००।- | |
| २३ | निजी विद्यालय कक्षाथप/स्तरबृद्धिको सिफारिस | रु.५००।- | |
| २४ | मोही नामसारी सिफारिस | रु.५००।- | |
| २५ | ठुला उद्योग स्थापनाको सिफारिस | रु.५०००।- | |
| २६ | मझौला उद्योग स्थापनाको सिफारिस | रु.३०००।- | |
| २७ | **साना तथा घरेलु उद्योग स्थापनाको सिफारिस** | | |
| | साना उद्योग | रु.५००।- | |
| | घरेलु उद्योग | रु.२५०।- | |
| २८ | नेपाली पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु.५००।- | |
| २९ | भारतीय पेन्सन पट्टा सम्बन्धी सिफारिस | रु.१०००।- | |
| ३० | अन्य मुलुकको पेन्सनपट्टा सिफारिस | रु.३०००।- | |
| ३१ | अपुताली सिफारिस (नेपालको लागी) | रु.५०००।- | |
| ३२ | अपुताली सिफारिस (विदेशको लागि) | रु.१५०००।- | |
| ३३ | जन्म, मृत्यू, विवाह, प्रमाणित तथा सिफारिस | रु.५०।- | |
| ३४ | उल्लेखित बाहेकका अन्य प्रमाणित तथा सिफारिस | रु.१००।- | |
| ३५ | अंग्रेजी सिफारिस प्रतिं आइटम | रु.२००।- | |

| | | |
|---|---|---|
| ३६ | रुख कटान सिफारीस | |
| | क) ५० बोट सम्म | रु.१००।- |
| | ख)१०० वोट सम्म | रु.२५०।- |
| | ग)५०० बोट सम्म | रु.७५०।- |
| | घ)१००० वोट सम्म | रु.१५००।- |
| | ङ)१००० भन्दा वढिको लागि | रु.३०००।- |
| ३७ | सबै लक्षितबर्ग प्रमाणित तथा सिफारिसहरु | रु.२५।- |
| ३८ | टिकट दस्तुर | रु.१०।- (टिकट नभएमा मात्र) |
| ३९ | छुट जग्गा दर्ता सिफारिस | १ कठासम्म रु.५००।-सोभन्दा वढी प्रति कठा रु. १००।- |
| ४० | ट्रान्सफरमर जडान/ठाउंसारी सिफारिस | रु ५००/- |
| ४१ | भारत प्रवेशाज्ञा सिफारिस | रु १००/- |
| ४२ | जग्गा प्लटिङ्ग अनुमति | |
| | ५ कठ्ठा सम्म | रु.१०००/- |
| | १० कठ्ठा सम्म | रु.३०००/- |
| | सो भन्दा माथि थप प्रतिकठ्ठा | रु.२००/- |

नक्सा पास दस्तुर तथा फाराम शुल्कको दररेट

| सि.न. | विवरण | व्यापारीक क्षेत्र प्रति वर्ग फिट रु. | आवाशिय क्षेत्र प्रति वर्गफिट रु. |
|---|---|---|---|
| | | २०७४/०७५ | २०७४/०७५ |
| १ | आर.सी.सी. फ्रेम स्ट्रक्चर | | |
| | क) भूई तल्ला | १।५० | १।०० |
| | ख) प्रथम तल्ला | २।०० | १।५० |
| | ग) दोस्रो तल्ला तथा सो भन्दा माथि | २।५० | २।०० |
| २ | इंटा, ढूंगा, व्लक, ट्रेस टिन / टायलको छाना | | |
| | क) भूई तल्ला | १।०० | ०।७५ |
| | ख) प्रथम तल्ला | १।२५ | १।०० |
| | ग) दोस्रो तल्ला तथा सो भन्दा माथि | १।५० | १।५० |
| ३ | कम्पाउण्ड वाल | १।०० | ०।५० |
| ४ | पुरानो घर अभिलेखीकरण प्रमाणपत्र | पक्की रु.५००।- र कच्ची रु.२००।- | |

नोटः पुरानो घरको नक्सापास/अभिलेखीकरण गर्दा उपरोक्तानुसार लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिईनेछ।साथै पुरानो घर अभिलेखिकरणको लागि साईड प्लान र लोकेशन प्लान अनिवार्य पेश गर्नु पर्नेछ ।

अनुसूचि १२
(दफा (१३) सँग सम्बन्धित)

पर्यटन शुल्क

गाउँकार्यपालिकाबाट तोकिएको स्थानमा तोकिए बमोजिम पर्यटन शुल्क लाग्ने छ ।

आज्ञाले
टेक प्रसाद भट्टराइ
प्रमुख प्रशासकिय अधिकृत
चन्द्रनगर गाउँपालिका

प्रमाणिकरण मिति :-२०७४/०९/२९